याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
थर्पु, पाँचथर

सूचना नं.-१० -०८०/०८१ मिति:- २०८०/०५/२६

## विषय:- विद्यालयको लेखा परीक्षण गर्न इच्छुक दर्तावाला लेखा परीक्षकहरुलाई निवेदन पेश गर्ने बारेको सूचना !

**प्रथम पटक प्रकाशित मिति-२०८०/०५/२६**

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज (२१), याङवरक गाउँपालिकाको शिक्षा ऐन-२०७६ को परिच्छेद २ दफा ११ को उपदफा ७ (ग) मा भएको व्यवस्था तथा यस कार्यालयको मिति-२०८०/०५/२६ को निर्णय अनुसार यस गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरुको आ.व. २०७९/०८० सम्मको अन्तिम लेखापरीक्षण गराउनु पर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त योग्यता पुगेका लेखा व्यवसायीहरुलाई निम्नानुसारका आवश्यक कागजातहरुसहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु-

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी- थान १
२. नेपाल चार्टर्ड एकाउण्ट संस्थामा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी- थान १
३. आ.व. ०७९/०८० सम्म लेखापरीक्षण प्रमाण-पत्र नविकरण गरेको पत्रको प्रतिलिपी- थान १
४. स्थायी लेखा नं. भ्याटमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी- थान १
५. आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी- थान १

- नोट-

म्याद नाघी आएका र रीत नपुगी आएका निवेदन उपर कुनै कार्वाही हुने छैन।

.................................
सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ-

श्री सूचना तथा प्रविधि शाखा (गाउँपालिकाको फेसबुक पेज र वेवसाईटमा सूचना अपलोड गरिदिनुहुन)